# 3

# व्यक्तिविशेष हुन सिक्दै
# हन्ना

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* १ शामूयल १,२:१-११, आयूब २:१२,१३, मत्ती ६:१९,२०, लूका १२:१७-२१

*<u>स्मरण गर्नुपर्ने पद:</u>*"अनि हान्नाले प्रार्थना गरिन् । उनले भनिन् "परमेश्वरले मेरो हृदयलाई आनन्दले भरिदिनुभएको छ। उहाँले मलाई बलियो बनाउँनु भयो। मेरा बैरीहरुको सामु म हाँस्न सक्छु। उहाँले मलाई उद्धार गर्नुभएकोमा म धेरै खुसी छु। परमेश्वर जस्तो अरु कोही पनि पवित्र छैन्। परमेश्वर जस्तो चट्टान अरु कोही छैन्।"(१ शामूयल २:१,२ रुपान्तरित)

मानिसहरुले सामना गर्ने धेरै संघर्षहरुमा आफ्नो आत्म मोललाई कायम गर्न गर्नुपर्ने संघर्ष एक अत्यन्त प्रमुख संघर्ष हो। यस संसारमा हाम्रो मूल्य मान्यता कत्तिको छ? खरवौं मानिसहरुको बीचमा हाम्रो जीवनको अर्थ के छ? लाखौं मानिसहरुको हत्या भएको लडाँइको बारेमा हामी पढ्छौं। प्रत्यक दिन हजारौं मानिसहरु जन्मेका हुन्छन्, हजारौं मानिसहरु मर्छन्। हाम्रो नियन्त्रण भन्दा बाहिरको कुनै शक्तिशाली शक्तिले यस पृथ्वी, ग्रहलाई परिचालन गरिरहेको हामी आभास पाउँछौं। जसरी बाटोको किरालाई ट्रकले मिनेटमै किचेर मार्छ, त्यस्तै अदृष्य शक्तिले हामीलाई मार्न सक्छ र हाम्रा इच्छा आकांक्षालाई चकनाचुर पार्न सक्छ। यस्तो शक्तिशाली घटना क्रममा हामीहरुको जीवनको अर्थ र लक्ष्यलाई कसरी पहिचान गर्ने? के हाम्रो लक्ष्य र मूल्य केही छ तँ?

बिभिन्न मानिसहरुले गर्ने एक आपसको व्योहारामा हाम्रो जीवन अर्थ हिन देखेता पनि यस जीवनमा हाम्रो लक्ष्य छ, हाम्रो अर्थ र भनेर बाइबलले स्पष्ट पारेको हामी पाउँदछौं। परमेश्वरको स्वरुपमा मानिसहरु सृष्टि भएको हो भनेर बाइबलले सिकाउँदछ। परमेश्वरको सामु हामी अत्ति महत्वपूर्ण भएकोले  हाम्रो मूल्य र मान्यता छ। यदि जगतका महान् र शक्तिशाली परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भने हाम्रो बारेमा अरुले जेसोचेतापनि त्यसको के मतलव छ र? उहाँको प्रेम नै हाम्रो निम्ति सब थोक हो।

यस अध्यायमा हान्नाको बारेमा अध्ययन गर्नेछौं।उनी कुनै प्रख्यात महारानी वा भविष्यबक्ता होइनन्। तर उनी एक सर्वसाधारण महिला थिइन् जो पुरुषप्रधान देशमा दोस्रो दर्जाको रुपमा गनिन्छ। हामीप्रति परमेश्वरको कोमलता उनको कथाबाट थाहापाउने छौं। परमेश्वर सर्वसाधारणको पहूँच भन्दा बाहिर रहने नभएर मानिससँग व्यक्तिगत रुपमै कसरी संलगन हुनुहुन्छ भनेर पनि यसमा हेर्नेछौं। विभिन्न परिवेशमा हेर्दा यस संसारमा हामी मिलीजाने केवल धुवा जस्तै हौं। हाम्रो कुनै भ्याल्यु वा मूल्य छैन् भनेर सोच्छौं होला। तर हामी कत्तिको महत्वपूर्ण छौं भनेर परमेश्वरले भनिरहनु भएको छ भनेर हान्नाको कथाले भन्छ भनेर हामी हेर्नेछौं।

## १. के म मूल्यवान छु? (१ शामूयल १:१-१६)

आफ्नो श्रीमानले आफूलाई प्रेम गर्थ्यो भनेर हान्नालाई थाहा थियो। यो प्रथम शामूयल १:१-१६ले देखाउँछ। तर आफू निसन्तान भएकोले किन निराश थिई भनेर ती पदहरुले बताउँछन्?

हान्नाको भावना बुझ्न त्यत्ति कठिन थिएन। उनको समाजले पुरुष बालक नहुनु भनेको बृद्धावस्थामा असुरक्षित ठान्थ्यो।(यो नेपाली समाज वा संस्कारमा पनि प्रचालित धारणा हो।) निसन्तान हुनु भनेको परमेश्वरको श्राप हो भनेर त्यस ताकाका मानिसहरुले विश्वास गर्दथ्ये। विवाहित महिलाको बच्चा नहुँदा आफ्नै परिवार र समाजबाट तिरस्कृत हुन्थ्ये। परमेश्वरको श्राप परेकोले निसन्तान भएकी भन्ने अनुयित र नकारात्मक विश्वास जन मानिसमा थियो। यसै कारणले समाज र परमेश्वरको सामु आफू अमूल्यवान भएको हान्नाले महशूस गरेकी थिइन्। आफू यो अवस्थामा भएर किन गुज्रिनु पऱ्यो भनेर वारवार चिन्तित हुनु स्वाभाविक थियो। उनको क्रन्धन थियो,"मैले के गरे र मलाई यो परिस्थितिमा जाकियो?" पुरानो करारमा विवाहित महिला बाँझी हुदा कसरी पिरोल्थ्यो भनेर सारा "(उत्पत्ति १६:१,२) र राचेल (उत्पत्ति ३०:१) को बृतान्तले देखाउँछ। यसमा उनीहरुले के भने र के कदम चाले भनेर बताउँछन्। त्यस ताकाका बाँझी महिलाहरुमा दिग्दारीपन कत्तिको हदसम्म थियो भनेर उपयुक्त पदहरुले हामीलाई कसरी बुझाउछन्?

बाँझी श्रीमतीले आफ्नी दासीलाई आफ्नो श्रीमानसँग सुताउँदा त्यसबाट जन्मेको बालक आफ्नो हुने चलनले गर्दा साराले पनि त्यही प्रचलनलाई अपनाएकी थिइ भन्ने कुरा हामीले बुझ्नु पर्छ। नमान्दा नमान्दै पनि यो प्रकृया अपनाउनु पर्दा कस्तो निराश र दुःखको भारी साराले बोकेकी रहेछ भनेर हामी उनको भावनाप्रति संवेदनाशील हुनुपर्छ। बच्चा पाउन अरु महिलालाई श्रीमानसँग कुन महिलाले चाहन्छिन होला? राचेलले आफ्नो श्रीमान याकुवसँग मार्मिक कन्धन पोखाएको बृतान्तले हान्नाको भावनालाई हामी सजिलै सँग बुझ्न सक्छौं।

सौताको बच्चा हुँदा उनीप्रति डाहा गर्नु र आफूचाहिँ कोही होइन भन्ने भावनाले उकुस मुकुस हुनु परिस्थितिले उनको भावनामा विस्फोटक स्थितीका सृजना भएको थियो। आफू भित्र रहेको क्रन्धलाई आखिरमा उनले सधैं लुकाइ राख्न सकिनन् र आखिरमा उनले परमेश्वरको सामु बलिन्द्र आँसु चुहाएर पोखाइन्। हान्नाको उमेर ढल्किन्दै थियो। समय उनको विरुद्धमा थियो। यसले गर्दा परमेश्वर पनि उनको विरुद्धमा हुनुहुन्छ भन्ने भावनाले उनको हृदयमा स्थान जमाएको थियो।

हामीले यो पनि बुझ्नु पर्छ, त्यस ताकाका महिलाहरुले बच्चा पाउनु र त्यसलाई हुर्काउनु बाहेक केही काम थिएन। घर भन्दा बाहिर गएर अरु काम गरेर सन्तुष्त हुन समाजले दिँदैन्थ्यो। हुन त महिला न्यायमुर्ति र भविष्यवक्ताहरु थिए भनेर पुरानो करारले देखाउँदछ। तर पुरुषहरुको सामु ती नगन्य थिए। यो पनि महिलाको अग्रसरताले नभएर परमेश्वरको आवहानमा भर पर्थ्यो। यस परिवेशमा बच्चा नहुदा मात्र आफू मूल्यवान नभएकी हान्नाले महशुस गर्नु स्वाभावीकै थियो। उनको निम्ति विनाको जीवन अर्थ हिन थियो।

एक जना बाबुले रगतको क्यानसर अर्थात लुकिमीयबाट आफ्नो छोरा गुमाउनु परेको थियो। परमेश्वरको दश आज्ञा विशेष गरी शाबथलाई पूर्णरुपमा पालन नगर्दा आफनो छोरा गुमाउनु पऱ्यो भनेर उनले आफ्नो पाष्टरसँग गुनासो पोखाए। परमेश्वरले उसलाई सजाय दिएको भन्ने आभास पाएका थिए। यस्तो खालको सोच किन गलत छ? यस्तै खालको गलत सोचको धरापबाट सुरक्षित हुन हामीले के गर्नुपर्छ?

**२. मित्रहरुको बीचमा यस्तो खालका बैरीहरु हुन को चाहन्छन् र? (१ शामूयल १:६,७)**

त्यसबेला प्रचलित धारणा अनुसार आफूमा परमेश्वरको श्राप भएको छ भनेर हान्नाले सोचेकी थिइन्। उनको जीवन अर्थहिन भएको आभास उनले पाएकी थिइन्। उनको जीवन संघर्षमय नै थियो। तर उनको समस्यामा अर्को के समस्या जोडिएको थियो? हेर्नुहोस्: १ शामूयल १:६,७

हामीलाई सबैभन्दा बढी चोट पुऱ्याउनेमा हाम्रौ सबैभन्दा नजिकको मानिस हुन्छ भन्नेमा को असहमत हुन्छ होला र? उनको सौता पेनिनाहले उनलाई निरन्तररुपमा पिरोल्दै थिई। हान्नाको बच्चा थिएन तर पेनिनाहको थियो। सधै सौतासँग झगडाले गर्दा उसको जीवन तितोपनाले भरिएको थियो। सौताको अपमान र हेलाले हान्ना क्रुद्ध भएकी थिइ भनेर बाइबलको पदले भन्दछ। एक पल्ट मात्र नभएर उनले वर्षौंसम्म सौताको बेइज्जत खप्नु परेको थियो। पेनिनाहले हान्नालाई गरेको अपमान र बेइज्जत शब्दहरु त्यही शब्द हुन जस्ले परमेश्वरलाई पनि क्रुद्ध बनाउँदछ। यसलाई "पाप" भनेर पुरानो करारमा उल्लेख गरिएको छ। (व्यवस्था १:१८ पढ्नुहोस्)। यो केवल रिसको झोकमा झट्ट केही भन्नु मात्र होइन्। पेनिनाहले हान्नालाई वर्षौंपिच्छै यसरी रुवाउँथिन कस यदि आफू वशमा रहन सकिन भने कुनै नराम्रो काम गर्न उक्सिन्थी होला। आखिरमा आफ्नो श्रीमान बाट हन्नाको माया खोस्ने शत्रु केवल उनका सौता पेनिनाह मात्र थिइ (१ शामूयल १:५) (र हान्नाको छोरा छोरी नभएकोले प्रचलित चलन अनुसारले नै उनले दोश्रो विवाह गरेको थियो।)

पेनिनाहको बेइज्जतले हान्नाको मुटु छेड्थ्यो। हामीलाई थाहा छ, हामीलाई सबैभन्दा बढी चोट पुर्याउने त्यही व्यक्ति हुन जसलाई थाहा हुन्दैन् उसले हामीलाई चोट पुर्याइरहेका हुन्छन्। हाम्रो हित चिताएको भन्दै हामीलाई अपशब्द वा दुर्व्यभार गर्ने व्यक्तिबाट हामी को बंचित भएको होला र?

अयूव ५ र ६ अध्याय सरसर्ती पढ्नुहोस् । अयूवको दुर्गतीले गर्दा उनका मित्रहरु अत्यन्त विस्मय भएका थिए (अयूव २:१२,१३)। उनको दुर्दशा देखेर उनका साथीहरु सात दिनसम्म बोल्नै नसकेर

चकित भएर बसेका थिए। तर तिनीहरु जब बोले, तब उनीहरुको वचनले अयूबको आगोमा घ्यू थपेको थियो। अरुको दुःखमा तुरन्तै प्रतिकृया जनाउनु हुँदैन् भनेर अयूबको कथाले हामीलाई कसरी सिकाउँदछ?

मनपर्ने वस्तु वा मायालु जन गुमाउनु पर्दा हृदयमा गहिरो चोट लाग्नु स्वाभाविक हो। भयानक दुर्घटना वा विमारको सामना गर्नुपर्दा हामीलाई सम्हाल्न निकै गाऱ्हो हुनसक्छ। यसले हामीलाई नैराश्यतामा ढकाली दिनसक्छ। हरेक मानिसको आ-आफ्नै भित्री चाहना वा आकाक्षा हुन्छ। त्यो पूरा नहुदा मानिस वैरागीहुन् सक्छ, निराश्को बादल भित्र हराउन सक्छ। जब हामी नराम्रा परिस्थितिको सामना गर्छौं र हाम्रो हित चाहनेले नजानी नजानी लाञ्छना लगाएको सुन्नु पर्दा अन्धकारको इनारमा खसिरहेको आभास हामी पाउँछौं। हाम्रा वरिवरी भएका सन्त्वना दिने मानिसहरुसँग पनि हामी असहज भएको महशूस गर्दछौं। हान्नाको पूरा नभएको सपना र मानिसहरुका मुट्टु छेड्ने बेइज्जत खप्नुपर्दा परमेश्वरको सामु उनले डाको छोडेर रोएकी थिइ। कहिँलेकाहि परमेश्वरको सामु हाम्रो पिडा र खिन्नता पोखाएर रुनु आवश्यक हुन्छ। जब हामी समस्याको गहिरो खाल्डोमा खस्छौं तब त्यहाबाट राहत दिन हामीभन्दा वाध्य शक्तिको खोजमा लाग्न आवश्यक हुन्छ। अहिले कठिन समय वा दुर्दशा भोगीरहेको मानिसलाई ढाडस, उत्साह दिन र माथि उचाल्न हामी के के उपायहरु अपनाउन सक्छौं? तपाईं आफै पनि त्रासपूर्ण वातावरणमा गुज्रिरहनु भएको छ भने त्यहाबाट राहत पाउन अरुले तपाईंलाई के गरोस् भन्ने तपाईं चाहनुहुन्छ? यहि मामलामा अरुप्रति तपाईं संवेदनशील किन नहुँने?

## ३. हृदयमा गुम्सिरहेका बेदनालाई पोखाउनु (१ शामूयल १:९-१६)

मानिसहरुमा दुःखसहने सिमाना हुन्छ। ढिलो वा चाडो वेदनाबाट निस्कन केहि न केहि गर्नैं पर्छ। यस्तो अवस्थामा कसैको विवेकले काम नगर्न सक्छ र यस्तो उपाय अपनाउन सक्छ जुन आफ्नो र अरुको निम्ति घाटाका हुनसक्छ।

हन्नाले आफ्नो वेदनालाई कसरी सम्हाले? हेर्नुहोस् (१ शामूयल १:९-१६)। आफ्नो शोकबाट राहत पाउन हन्नाले कुन कदमहरु चाली?

हन्नाको प्रार्थाना कुनै औपचारिक वा मन्त्र उच्चारण गर्ने प्रार्थाना थिएन्। यो कुनै सामान्य तथा "मलाई मद्दत गर्नुहोस्" भनी पुकार्ने प्रार्थाना थिएन। "आफ्नो दुःख परमेश्वरमा पोखाएकी छु" भनेर १ शामूयल १:१४,१५ले उल्लेख गर्दछ। समान्यताः पोखाउनु भन्दा कुनै तरल पदार्थ, खास गरेर पूजाको लागि रगत र पानी अर्पण गर्नु वा पोखाउनु भनेर जनाउँछ। उदाहरणमा हेर्नुहोस् लैब्य ४:७,१८,२५ ईत्यादी। धेरै पल्ट परमेश्वरको कार्यवाहीलाई पोखाएको भनेर वर्णन गरिएको पाउँछौं। परमेश्वरले न्याय वा आशिष् खन्याउनुहुन्छ (भजन ६९:२४, ७९:६, यशैया ४२:२५ आदि)। यो शब्दको प्रचूर र पूर्णरुप अर्थ भएको पाउँछौं। पुरानो करारका कुनै कुनै पुस्तकहरुमा यो शब्दलाई प्रार्थना सँग जोडिएको पाउँदछौं। उदाहरण हेर्नुहोस्ः भजन ४२:४५,भजन६२:८,९, विलाप २:१९। कसैले गम्भिर र हृदय विधारक खालमा प्रार्थाना गर्दा आफ्ना मन पोखाएको भन्दछ। यसमा परमेश्वरसँग सच्चा हृदयले अन्तरक्रिया गरेको पाउँछौं। भित्री दर्द, बेदना र डर परमेश्वरमा व्यक्तिगत रुपमा यस्तो खालको प्राथनामा सम्मिलित हुन्छ। हन्ना प्रार्थनामा यस्तो तल्लिन भएकि थिइन कि उनको वरिपरी को थिए र के भन्ने हो भनी सोचेकी थिइनन्। जसरी याकूवले भनी ठानेको हमला गर्ने व्यक्ति (येशू) लाई पकडी राखे, त्यसरी नै हन्नाले परमेश्वरलाई पकडी राखेकी थिइ।

हन्नाको प्रार्थनाको जवाफ तुरन्तै कसरी आयो, हेर्नुहोस्ः १ शामूयल १:१७,१८

हुनतः परमेश्वरले हाम्रो प्रार्थनाको जवाफ सधै छिटै दिनुहुन्न। तर यदि हामीले भित्री हृदयबाट हाम्रो क्रन्धन उहाँमा खन्यायौं भने हाम्रो आवाज उहाँले सुन्नुहुन्छ र उहाँले आफ्नै समयमा, आफ्नै तरिकाले त्यसको जवाफ दिनुहुन्छ भनेर हामी ढुक्क हुन सक्छौं (भजन ३९:४)। यदि यस कुरामा हामी यकिन भयौं भने हामीमा आशा र विश्वासको ठूलो पकड हुन्छ। हाम्रो भविष्य परमेश्वरको हातमा राख्दै हरक्षण उहाँको अगुवाइमा भर पर्न पनि सक्षम हुन्छौं।

१ शामूयल १:११ मा हन्नाले परमेश्वरसँग बाचा बाध्छिन । उनले भन्छिन् "यदि परमेश्वरले मेरो प्रार्थाना सुन्नु भो र मलाई पुत्र दिनुभयो भने म त्यो पुत्र उहाँलाई नै सम्पनेछु।" पुरानो करारमा मानिस र परमेश्वरको वीचमा धेरै वाचाहरु पाउँदछौं। परमेश्वरलाई गर्ने प्रतिज्ञा र वचनवद्धता प्राय जसो उपासनाका भाग हुन्। यो प्रायजसो प्रार्थना र स्तुतीसँग गाँसिएको हुन्छ।

वर्तमान परिपेक्षमा होस् वा तत्कालिन समयमा होस् हान्नाले गरेकी वाचा वा प्रतिज्ञा ठूलो छ। आफ्नो भित्रि हृदयले चिताएको छोरा पाएपछि त्यो छोरालाई त्याग्नु पर्ने प्रतिज्ञा सहज होइन्। यदि उनको वाचा उनले पूरा गरिन भने श्रीमान एलकन्नाहसँग उनको स्थिती कस्तो होला? एलकन्नाहको परिवारसँग उनको कस्तो जोखिम सम्बन्ध हुन जान सक्छ होला?

प्रार्थानाद्वारा आफ्नो क्रन्धन परमेश्वरमा कति धेरै खन्याउनु हुन्छ? तपाईंको आत्मिक हिंडाइमा यो किन अपरिहार्य छ? परमेश्वरसँग आफ्नो मन बराबर देखाउनु पर्छ। तर त्यसो नगर्न तपाईंलाई कसले रोकेको छ? अहिले नै तपाईं नगर्ने? अहिले नै तपाईं कुनै आवश्यकताको चापमा हुनुहुन्छ होला, तपाईंमा कुनै वेदना होला। संसारमा यो स्थितीमा नपर्ने को होला र?

## ४. परमेश्वरको स्तुती गाउनु (१ शामूयल २:१-११)

खुशी र आनन्द भएको बेलामा गीतगाउनेहरुमा के तपाईं पनि हुनुहुन्छ? आफ्ना जीवनका महत्वपूर्ण क्षणहरुमा गीत गाएका मानिसहरुको बारेमा बाइबलले प्रायजसो उल्लेख गरेको हमी पाउँदछौं। परमेश्वरको शक्तिले अभूतपूर्वरुपमा लाल समुद्र तरेपछि मोशाकी दिदी मिरीयम र अरु इस्रायली आइमाइहरुले परमेश्वरको स्तुती प्रशंसा गाएका थिए (प्रस्थान १५:२०,२१)। संसारमा राजा र सेनाहरुमाथि परमेश्वरको शक्ति कस्तो छ भनेर परमेश्वरका न्यायकर्ता डेवोरा र वाराकले भावक भएर उहाँको स्तुती कवितामार्फत व्यक्त गरेका थिए। (न्यायकर्ता ५:१-३१)। जब आफ्नी आफन्त इलिजावेथकहाँ मेरी भेटन् जान्छिन् तब परमेश्वर र उहाँको मुक्तिको योजनाको बारेमा प्रसन्न भई उनले स्तुती प्रशंसा गरेकी थिइन (लूका १:४६-५५)।बाइबलमा

उल्लेखित सबै गीतहरु इतिहासका विभिन्न समय र परिस्थितिमा गाएका थिए। तर ती सबै गीत, स्तुती, प्रशंसाहरुमा एउटै साझा विषयवस्तु छन्। जब मानव इतिहासमा परमेश्वरले पाइला चाल्नु भयो र उहाँका जनहरुले प्रार्थाना गर्नुभयो भने के हुन्छ भनेर ती स्तुतीहरुले उहाँका बखान गर्दछन्।१ शामूयल २:१-११ अनुसार हन्नाको गीतको प्रमुख विषय वस्तु के हो?

अब हान्नाले यो थाहा पाइन्, इतिहासको परिणाम र उनको आफ्नै व्यक्तिगत जीवनको अनुभवलाई परमेश्वरले आफ्नो काबुमा राख्न सक्नुहुन्छ। आफ्नो जीवन पूर्णरुपमा नयाँ मोडमा फङ्को मारेको हन्नाले देख्छिन्। कुनै कुरा मानिसले गरेको अथक प्रयास यत्तिको महत्व भएको उनले देखिनन्, किनकी त्यो आज छ र भोली हराउन सक्छ। हन्नाको गीतमा धेरै तुल्नात्मक कुराहरु पाइन्छ। हामीले जे देख्छौं त्यो नीत्य र सत्य हुनुपर्छ भनेर उनले व्यक्त गर्छिन्। वहादुरी धनुषधारीको धनुष भाँच्न सक्छ र त्यसै वखत कमजोर जो ठेस खाएर लडछन् त्यसलाई बलियो बनाउन सक्छ (१ शामूयल २:४)। हामीले मूल्यवान ठानेका कुराहरु मूल्यवान हुनुपर्छ भन्ने छैन्। सुरक्षितको भावना र जे हुन्छ राम्रै हुन्छ भन्ने कुरा हाम्रो परिस्थितिमा भर पर्दैन् भनेर हन्नाले भेट्टाउनछिन्। यी सबै कुराहरु परमेश्वरमा भरपर्छन, जो अपरिवर्तनशील हुनुहुन्छ।(हामी उहाँका आँखाका नानी हौं।) हाम्रो जीवनमा चाहिने मूल्य मान्यता उहाँले नै दिनुहुन्छ।(हाम्रो मूल्याङ्कन उहाँले नै गर्नुहुन्छ।)।

कतिपय मानिसलाई हान्नाको गीतको पद पचाउन गाऱ्हो भएको पाउँदछौं। उनले भावुक भएर परमेश्वरको बारेमा यसरी व्यक्त गर्छिन्," परमेश्वरले नै ज्यान लिनुहुन्छ, उहाँले नै जीवीत पार्नुहुन्छ, उहाँले नै चिहानमा खसाउनु हुन्छ र बौरी उठाउनुहुन्छ।" यो र अरु पद बुझन पुरानो करारको आधारभूत विश्वास र जीवनशैलीको बारेमा थाहा हुन जरुरी छ। त्यसबेलाको चालचलन र विश्वासका पद्धती आधुनिक संसारभन्दा भिन्नै थिए। जीवनको सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ। सृष्टिकर्ताको नाताले यस सृष्टिलाई के गर्न चाहनुहुन्छ उहाँको अधिकारको कुरा हो। अर्थात यस ग्रहमा जे हुन्छ उहाँको नियन्त्रण भन्दा बाहिर छैन्। यसको अर्थ बाइबलको अनुसार नकारात्मक

कुराहरु पनि उहाँकै नियन्त्रणमा छन्। यही कुरालाई मध्यनजर राखेर बाइबलका लेखकहरुले लेखेका भावनाहरूमा यो व्यक्त गरेका छन् कि मानिसहरुले खेपनु परेको नराम्रो कुराहरुमा पनि परमेश्वर समावेश हुनुहुन्छ। अर्को शब्दमा भन्नु पर्दा परमेश्वरको अनुमतीमा चलेको सबै थोकमा उहाँकै खटनमा चलेका हुन्छन्।

तपाईंले कस्तो स्तुती गाउँन सक्नुहुन्छ? परमेश्वरलाई धन्यवाद दिने र स्तुती गाउँने कुराहरुको शूची बनाउनुहोस्। जति तपाईं परमेश्वरको स्तुती गाउँनुहुन्छ त्यति नै उहाँप्रति तपाईं आभारित हुनुहुनेछ। त्यसैकारण परमेश्वरको स्तुती प्रशंसा गर्नु धेरै आवश्यक र महत्वपूर्ण छ।

## ५. परमेश्वरको योजनावद्ध लगानी (१ शामूयल २:२१)

हर्षले विभोर भएर हान्ना परमेश्वरको पवित्रस्थान अर्थात मन्दिर छोड्छिन्। तर उनले आफ्नो मुटुको टुक्रा शामूयललाई छोड्छिन। उनी अब बाझी स्त्री रहिनन्। यद्यापी उनी शून्य घरमा जान्थिन्। आफ्नो बुढेसकालमा पाएको एकमात्र छोरा परमेश्वरको कामको निम्ति समर्पण गरेर अब बृद्धावस्थामा उनलाई कसले हेर्छ र? शुद्ध हृदयले आफूसँग भएको बहुमूल्य मोत्ती परमेश्वरलाई चढाएकी थिइन्। हान्नाको परमेश्वरमाथि शुद्ध विश्वास र भरोसा अटल थियो। हान्नाको कार्यले हामीलाई परमेश्वरको अर्को शाहशीलो भक्त अब्राहमको सम्झना गराउँछ। उनले पनि आफ्नो प्रिय पुत्र इसाहकलाई परमेश्वरलाई बलि चढाउन तम्सिएका थिए। अत्यन्त बृद्धावस्थामा पनि बालक दिएर परमेश्वरले अब्राहम र सारालाई गर्नुभएको प्रतिज्ञा पूरा गर्नुभएको थियो। यो हामी सबैलाई थाहा भएकै कुरा हो। जब इसहाक हुर्केको थियो त्यसबेला परमेश्वरले अब्राहमको परिक्षण गर्नुभएको थियो। तर हन्नाले चाहिँ आफूले बच्चा पाउन अघिनै परमेश्वरको सेवाको लागि समर्पण गरिसकेकी थिइन्। दूध छोडाएपछि हन्नाले शामूयललाई शिलोहमा ल्याउँछिन्। आफ्नो बालक छोरालाई मन्दिरमा पुजारीको जीम्मामा छोडेपछि उनको मातृहृदय कस्तो भयो होला? यो कल्पना गर्न पनि मुश्किल छ। फेरी हन्नाले आफ्नो छोरालाई अनुकुल परिस्थितिमा छोडेकि पनि थिइनन्। पुजारी इलाइका छोराहरु आफ्ना बाबुको

काबुमा थिएनन्। यस्तो घरमा आफ्नो बालक शामूयललाई छोड्नु स्वाभावीकै हो। तै पनि परमेश्वरमा विश्वास गरेर हान्नाले शामूयललाई इलाइको काखमा छोडिन्। इलाइले शामूयललाई सिकाउन र अगुवाई गरुन भनेर उनीसँग छोडेकी थिइन्।

हान्नाको विश्वास र प्रेमलाई परमेश्वरले कसरी कदर गर्नुहुन्छ? हेर्नुहोस् १ शामूयल २:२१ ।

आफ्नो एकमात्र पुत्र भएकोले आफ्नो स्वार्थको लागि हान्नाले परमेश्वरलाई समर्पण गर्न इन्कार गर्न सक्थीन्। तर एकजना युग परमेश्वरको सेवाकार्यको निम्ति सुम्पिन्दा हान्नाले अरु पाँच जना छोराछोरी जन्माइन(३ छोरा र २ छोरी)। आफूलाई परमेश्वरमा सम्पिदा आमाको प्रभाव शामूयलमाथि धेरै मजबुत भएको थियो। समय वित्दै जादा शामूयल परमेश्वरको विषेश प्रवक्ता बन्न पुगे। उनी इस्रायलीका महान अगुवा र शिक्षकहरुमा एक गनिन पुगे।

आफ्नो स्वार्थपूर्तिको निम्ति आफ्नो कब्जामा कुनै चिजलाई राख्दा के खतराको सामना गर्नु पर्छ हेर्नुहोस्: मत्ती ६:१९,२० र लूका १२:१६-२१।

यदि कुनै चिज परमेश्वरलाई सुम्पियौं भने उहाले त्यसलाई बढाउनुहुन्छ, जोड्नुहुन्छ। हामीले कल्पना नै नगरेको काम उहाँले गर्नुहुन्छ। हामीसँग भएको धन सम्पत्ति परमेश्वरलाई सुम्पेमात्र त्यो सुरक्षित हुन्छ भनेर हान्नाले सिकेकी थिइ। आफ्नै लागि मात्र भनेर राखेको चिज निमेषमा हराउन सक्छ।

परमेश्वरको आँखाको सामु आफू को थिइ भनेर हान्नाले जानेकी थिइन्। आफ्नो मूल्य मान्यतालाई जानेर नै उदार हृदय हुन उनी स्वतन्त्र भएकी थिइन्।

हामी सबै हाम्रा सबै थोक हामी सँग जे छ सो परमेश्वरको अनुग्रह र हितले मात्र भएको हो भनेर हामी सबैले सम्झनु पर्छ। यस चिन्तनले हामीसँग भएको चिज उदार दिलले अझ परमेश्वरलाई कसरी सुम्पिने र आफूसँग भएको चिजको फिक्रिबाट कसरी स्वतन्त्र हुने? परमेश्वरप्रति छुच्चा हुदा हाम्रो चरित्र उहाँमाथि भरोसा र हाम्रै बारेमा कस्तो चित्रन गरेका हुन्छौं?

## उपसंहार

थप जानकारीः "हे पिता, माताहरु तपाईंका छोराछोरीहरुलाई परमेश्वरमा सुम्पनुहोस्। तिनीहरु उहाँका हुन्, तिनीहरु प्रभु येशूका बगालका पाठाहरु हुन्, सत् तथा असल गोठालोको दृष्टि उनीहरुमा सधै भइरहेको हुन्छ भनेर सधै सिकाउनुहोस्। हान्नाले शामूयललाई परमेश्वरमा समर्पण गरेकी थिइन्, र जब शामूयल हुर्कदै गए, परमेश्वर उनीसँग हुनुहुन्थ्यौं। शामूयलले भनेका सबैकुरा उहाँले सत्य सावित गर्नुभयो।(१ शामूयल ३:१९ बाट रुवान्तरीत)। यदि आमाबाबु परमेश्वरसँग मिले भने र परमेश्वरले खटाउनुभएको अनुसार चले भने त्यसको नतिजा कस्तो हुने रहेछ भनेर देखाउन शामूयलले अनुकरणीय उदाहरण भएको हामी पाउँदछौं। एलेन जी ह्वाइट, टु पारेन्टस्, टिचरस् एण्ड स्टुडेन्टस, पृ. १४३ बाट रुपान्तरीत।

"हान्नाले कस्तो बहुमूल्य इनाम पाइन्। सबै विश्वासीहरुको निम्ति उनी उदाहरण बनीन, हामीले आफूलाई प्रोत्साहीत पाएका छौं। प्रत्यक आमालाई अवसर प्रदान गरिएको छ। कतिपय आमाहरुले आफना कामहरु मामुली ठान्छिन् र निराश भएर भन्छिन् "मेरो कामलाई कसैले देख्दैनन्।" तर आफ्नो कामलाई निच ठान्ने आमाहरुले यो सोचुन्, ती कामहरु महान र गौरवशाली छन्। संसारलाई आफ्नो प्रभावबाट आशिष् दिनु आमाको सम्मानिय काम हो। यसले गर्दा आमालाई आफ्नो हृदय आनन्दले भरिएको आभास हुन्छ। चाहे घाममा होस् वा छाँयामा होस्, आमाले आफ्ना छोराछोरीहरुको मार्ग सिधा बनाउन सक्छिन्। तर आफ्ना छोराछोरीहरुलाई यस स्थितीमा पुऱ्याउन आफैले पनि येशूको शिक्षा दिक्षाहरु पालन गर्न प्रयास गर्नुपर्छ। अनि मात्र आफ्ना छोराछोरीहरुमा चरित्रलाई परमेश्वरको योजना मुताविक ढाल्न आशा गर्न सकिन्छ। संसारलाई नराम्रो वातावरणले प्रभावित परेका छन् ।कतिपय खराव प्रभावले युवायुवतीका जीवनलाई तहरनहस पारिरहेको छ। संसारका चाल-चलन र लगाउने भेषभुषाले युवायुवतीहरुका दिमागमा बलियो प्रभाव परेका हुन्छन्। यदि आमाले आफ्ना छोराछोरीहरुलाई सिकाइनन्, अगुवाई गरिनन् र आफ्नो काबुमा राख्न सकिनन् भने स्वतः उनीहरु दुष्टहरुको धरापमा पर्न सक्छन्। यसले उनीहरुलाई असल बाटोमा जान भडकाउन सक्छन्। प्रत्यक

आमाले आफ्ना उद्धारकर्तालाई बराबर यो प्रार्थना गरुन्, "मेरो बालकलाई कसरी सिकाउने, सिकाउनु होस्। उनीहरुलाई के गर्ने देखाउनुहोस् ।" परमेश्वरको वचनमा देखाएका निर्देशिकाका आवाजहरुलाई उनले सुनुन। अनि आवश्यक परेको बेलामा परमेश्वरले उनलाई ज्ञान बुद्धि दिनुहुनेछ।" एलेन जी ह्वाइट कन्फिक एण्ड करेज, पृ. १३८ बाट रुपान्तरीत।

**चिन्तनमनन्:**

१. के तपाईंको चर्चामा कुनै यस्तो विश्वासी छ जस्को व्यक्तिगत जीवन वा पारिवारीक जीवन मुस्किलमा परिरहेको छ? यस्तो व्यक्तिलाई तपाईं वा सामुहिक रुपमा कसरी सहायता गर्न सक्नुहुन्छ? अरुको उत्थानमा तपाईंले कत्तिको त्याग गर्न सक्नुहुन्छ?

२. तपाईंको समाजमा कस्ता संस्कारहरु छन् जसले जपाईंलाई सजिलैसँग ढाल्न सक्छन्? तपाईंका कस्ता कामहरुमा समाजले अन्यायपूर्वक आलोचना गरेर तपाईंलाई निराश बनाउन सक्छन्। आफैले आफैलाई सोध्नुहोस्, के ती कुरा वा कामहरु, अरुले नराम्रो सोचेतापनि परमेश्वरले नराम्रो सोच्नुहुन्छ तँ? वा के हामी पनि यस्तो खतरामा छौं जब अरुको संस्कार चालचलनहरुलाई नबुझी हत्तपत्त नराम्रो ठान्छौं? यस्ता उदाहरणमा हामी चुकेका केही उदाहरणहरु छन् कि?